आम्दा नेपाल

**घरभाडामा लिने सम्बन्धि सूचना**

आम्दा माइण्डस्को आर्थिक सहयोगमा आम्दा नेपालले क्षेत्र नं. ५ अन्तरगत दाङ जिल्लाको गढवा गाउँपालिका क्षेत्रमा सञ्चालन गर्ने प्रस्तावित मातृशिशु स्वास्थ्य परियोजनाको कार्यालय प्रयोजनको लागि गढवा गाउँपालिका कार्यालयको ५०० मिटर दुरी वरपर निम्न शर्तको अधिनमा रही घर भाडामा दिन ईच्छुक घरधनीले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्रमा मनशायपत्र पेश गर्नुहुनयो सुचना प्रकाशन गरिएको छ । यस सूचना सम्बन्धि थप बिबरणका लागि आम्दा नेपालमा सम्पर्क राख्नुहुन समेत अनुरोध छ ।

**१. घरभाडामा दिन ईच्छुक घरधनीले मनशायपत्र पेश गर्दा पालना गर्नु पर्ने शर्तहरू ।**

क. प्रस्तावित घर, कम्तिमा ५ मिटर फराकिलो सडकसँग जोडिएको हुनुपर्नेछ ।
ख. प्रस्तावित घरमा बिजुली वत्ती, टेलिफोन, पानी लगायतका सुविधा जडान भई सकेको वा जडान गर्न योग्य हुनुपर्नेछ ।
ग. प्रस्तावित घर भाडाको स्वामित्वको विषयमा कुनै प्रकारको विवाद नरहेको र प्रचलित कानून बमोजिम भाडामा लिन दिन कुनै प्रकारको वाधा नरहेको हुनुपर्नेछ ।

**२. मनशायपत्रका साथ संलग्न राखी पेश गर्नुपर्ने कागजातहरुः**

क. घरको मुख्य मोहडा स्पष्ट देखिने फोटो ।
ख. घर भएको क्षेत्र स्पष्ट हुने नक्सा ।
ग. घरको चारकिल्ला खुलेको विवरण
घ. जग्गाधनी प्रमाणपत्रको प्रतिलिपि
ङ. घरधनीको नागरीकताको प्रतिलिपि ।
च. घरको नाप सहितको नक्सा र सम्पूर्ण तल्लाको विवरण (कोठाहरूको नाप सहित)
छ. घर निर्माण गर्न इजाजत लिएको भए इजाजत प्रत्रको प्रतिलिपि

**३. मनशायपत्रको ढाँचा**

घर भाडामा दिन इच्छुक घरधनीले अनुसुची १ बमोजिमको विवरण भरेर तोकिएको मिति भित्र निम्न ठेगानामा पेश गर्नुपर्नेछ । अनुसुची १ मा तोकिएको विवरणमा थप जानकारी उपलब्ध गराउन चाहेमा, उक्त समेत थप विवरण पेश गर्नु पर्नेछ ।

**४. प्रस्ताव पेश गर्ने ठेगानाः**

घर भाडामा दिन इच्छुक घरधनीले आवश्यक विवरण एवं कागजात सहित निम्न ठेगानामा तोकिएको मिति भित्र आइपुग्ने गरी इमेल वा हुलाक वा निजको प्रतिनिधि मार्फत मनशायपत्र बुझाउन सक्नेछन् ।

**प्रस्ताव पेश गर्ने ठेगानाः**

आम्दा नेपाल
गोकर्णेश्वर ६, जोरपाटी, काठमाडौं
फोन नं. ०१-४९१०२३५
ईमेलः amda@amda.org.np

अनुसुची १

श्री आम्दा नेपाल
जोरपाटी, काठमाण्डौं ।

विषयः घरभाडामा लगाउन मनशायपत्र पेश गरेको ।

महोदय,
मिति ........................ गते .......................... मा प्रकाशित आम्दा नेपालको सुचना बमोजिम, आम्दा नेपालले तोकेको शर्तको अधिनमा रही मेरो/हाम्रो एकल/संयुक्त स्वामित्वमा रहेको निम्न विवरणको घर भाडामा दिन इच्छुक रहेकोले यो मनशायपत्र पेश गरेको छु/छौं । यस मनशायपत्र छनौट भएमा तोकेको मिति देखी घर भाडा दिन मञ्जुर गर्दछु/ गर्दछौ।

| **क्र.सं.** | **विवरण** | |
|---|---|---|
| १ | घरको ठेगाना | |
| | घर स्थित मुल सडकको नाम | |
| २ | गाउँपालिका कार्यालयबाट दुरी (मिटर) | |
| ३ | घरको जम्मा क्षेत्रफल | |
| ४ | घरको जम्मा तला | |
| ५ | भाडामा दिन इच्छुक जम्मा तला | |
| ६ | भाडामा दिन इच्छुक तलाहरूमा रहेको जम्मा कोठा संख्या | |
| ७ | भाडामा दिन इच्छुक तलाहरूमा रहेको जम्मा शौचालय संख्या | |
| ८ | परियोजनाको आवश्यकता अनुरूप कोठाहरूको स्वरूप परिवर्तन गर्न मिल्ने/नमिल्ने | |
| ९ | स्वामित्वको प्रकार (एकल, संयुक्त) | |

मनशायपत्र पेश गर्नेको नामः

दस्तखतः

सम्पर्क टेलिफोन नं.

सम्पर्क मोबाइल नं.

इमेल ठेगानाः

मितिः